स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मिस नेपाल इन्टरनेसनल प्रसिद्धि शाहले नेपाली क्यालेन्डर अनुसार कात्तिक ९ गते हुने फिनालेमा नेसनल कस्ट्युम प्रस्तुत गर्नेछिन् । पञ्चबुद्धको थाङ्काबाट बनेको उक्त पहिरनले नेपालको हिमाली क्षेत्रको संस्कृति र वेशभूषालाई चित्रण गर्छ । पहिरनबारे प्रसिद्धिले सामाजिक सञ्जाल सन्देशमा भनेकी छन्, 'यो पोशाकले चुनौतीपूर्ण भूगोल र सीमित सहयोग प्रणालीको बाबजुद विश्वभर सशक्तीकरण र बलको शक्तिशाली सन्देश पठाउँछ ।'

**आजको विचार...**



विजया... (दुई पेजमा)

स्वयम्भुनाथ कार्की



अभिनेता सुशिल श्रेष्ठको मुख्य भुमिका रहेको फिल्म 'आउट ल'को विदेश प्रदर्शन अधिकार बिक्री भएको छ । अन्तर्राष्ट्रिय वितरण कम्पनी सेभेन सिजले फिल्मको राइट खरिद गरेको छ । विदेश अधिकारसँगै सह-निर्माताको रुपमा पनि यो कम्पनी पनि जोडिएको कार्यकारी निर्माता साहिल खानले बताए । फिल्मको नेपाल वितरक रिच इन्टरटेनमेन्टका सञ्चालक करण श्रेष्ठले चाँडै पोस्टरसहित प्रदर्शन मिति घोषणा गर्ने तयारी भैरहेको बताए । एक्सन-थ्रीलर जनरामा राखिएको यो फिल्मले कानून नमान्ने पात्रको कथा पेश गर्छ ।

❒ वर्ष २९ ❒ अंक ९६ ❒ २०८० कार्तिक ४ गते शनिबार 21 October 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# आज दसैंको सातौं दिन :फूलपाती भित्र्याइँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** कार्तिक ३/आश्विन शुक्ल सप्तमीका दिन आज घर-घरमा स्थापना गरिएको नवदुर्गा एवं दसैंघरमा फूलपाती भित्र्याइँदैछ । प्रत्येक वर्ष दुर्गा पक्षअन्तर्गत आश्विन शुक्ल सप्तमीका दिनमा मनाइने फूलपाती पर्व शनिबार शास्त्रीय विधि अनुसार शुभ साइतको प्रतिक फूलपाती भित्र्याएर मनाइँदैछ ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दसैंघर अथवा पूजाकोठामा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र मानवृक्षा




सांकेतिक फोटो

भित्र्याइन्छ । नवप्रतिकाको नामले समेत चिनिने फूलपाती नववटी देवीको प्रतिकका रुपमा भित्र्याई शास्त्रीय विधिअनुसार शक्तिको आराधनाका साथ पूजा गर्ने वैदिक विधि रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

यसदिन देशभरका प्रमुख शक्तिपिठ, देवी मन्दिर, नेपाली सेना तथा प्रहरीका तल्लोदेखि उपल्लो तहका अड्डामा बढाईंसाथ फूलपाती भित्र्याइने चलन छ । फूलपाती भित्र्याउने साइतअनुसार नेपाली सेनाले फूलपातीको बढाईं जात्रा प्रस्तुत गर्ने गर्छन् । नेपाली सेनाको टुकडीले तोप पड्काउँदै हर्ष बढाईं गर्ने प्रचलन परम्परादेखि नै चल्दै आएको छ । घटस्थापनाका दिन जमरा राखिएको पूजाकोठामा आजै नै फूलपातीका दिन कालरात्रि देवीको पूजा गरिँदै छ । कालो वर्ण भएकी कालरात्रि देवीको वाहन गधा हो भने देवीले क्रोधमा आगो निकाल्छिन् । चार हात भएकी देवीको चारै हातमा तरबार, मसाल र वरमुद्रा लिएकी हुन्छिन् । यिनै देवीले भुइँमा झरेको हरेक थोपा रगतबाट पुनर्जीवन पाउने 'रक्तबिज' नामक दैत्यको संहार गरेकी हुन् । आश्विन शुक्ल प्रतिपदाका दिनमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखेपछि शुरु हुने नेपालीको महान् चाड दसैं अर्थात् दुर्गापूजाको सामाजिक चहलपहल भने आजैका दिनदेखि बढ्ने गर्छ ।

आजैका दिनदेखि सरकारी कार्यालय पनि बिदा हुने भएकाले विभिन्न पेशा र व्यवसायमा संलग्न मानिस सपरिवार बसेर भवानीको प्रसादका रुपमा टीका थाप्न आ-आफ्नो घर फर्कने क्रम अझ तीव्र हुन्छ । नेपालका ग्रामीण भेगमा आजैका दिनदेखि दोबाटो, चौतारो र चौबाटामा हालिने लिङ्गेपिङ र रोटे पिङले दसैंको रौनकलाई अझ बढाउँछ । फूलपातीको साइत बिहान ८:२४ बजे रहेको छ भने टीकाको साइत कात्तिक ७ गते बिहान ११:२ मिनेटमा रहेको छ । नौँ दिनसम्म दसैंघरमा दुर्गा भवानीको पूजाआराधना गरी राखिएको जमरासहितको टीका दशमीका दिन लगाउने प्रचलन छ । पूजाकोठा तथा दसैंघरमा विधिपूर्वक राखिएको जमरा सो दिन देवीपूजा विसर्जन गरी निकालिएपछि पूर्ण घडाको जलले अभिषेक गरी आफ्ना मान्यजनबाट श्री नवदुर्गा भवानीको प्रसाद, टीका र जमरा लगाई आशीर्वाद थापिन्छ । टिकाका दिन परिवारमा आफूभन्दा ठूलाबडा, बाजेबज्यै, बाबुआमा, गुरूपुरोहित तथा मान्यजनको हातबाट नवदुर्गा भवानीको टीका, जमरा तथा प्रसाद थापी उनीहरूबाट यश, ऐश्वर्य वृद्धि तथ दीर्घायु प्राप्त होस् भनी आशीर्वाद लिने गरिन्छ । शरद ऋतुको घमाइलो वातावरणले पनि दसैंको आनन्द अझ बढ्ने गर्छ । अझ गाउँघरका फाँटमा भरिभराउ पहेँलो धानले पनि समृद्धिका रुपमा दसैंलाई स्वागत गरिहेको हुन्छ ।

## सक्षिप्त समाचार

### ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

**पाल्पा,** कार्तिक ३/रूपन्देहीको मायादेवी गाउँपालिका-६ बेथरीस्थित सडकमा ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ । भैरहवाबाट लुम्बिनीतर्फ जाँदै गरेको लु.१ ख ८१९१ नम्बरको ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको हो । मृत्यु हुनेमा सोही गाउँपालिका-२ का ४४ वर्षीया गंगा सुवेदीको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षाले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको सिटी अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान थालेको छ ।

चाडपर्व हाम्रा सँास्कृतिक पहिचान ।
मद्यपान र जुवातास विकृतिका मुहान ।।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गाईभैंसी पाल्ने किसानलाई अनुदान

**गुल्मी,** कार्तिक ३/गुल्मीको ईस्मा गाउँपालिकाले किसानलाई व्यावसायिक रुपमा पशुपालनतर्फ आकर्षित गराउन उत्पादनमा आधारित अनुदान रकम दिन सुरु गरेको छ । पछिल्लो समय धेरै किसानको पशुपालनतर्फ कम रुचि देखाएकाले पालिकाले प्रोत्साहनस्वरुप



गाईभैंसी पाल्ने किसानलाई अनुदान रकम उपलब्ध गराउन थालेको हो ।

पालिकाभित्र पाँच भन्दा धेरै दुहुना गाईभैंसी पाल्ने किसानलाई मासिक रुपमा १० हजार अनुदान उपलब्ध गराउने निर्णय भए अनुसार अनुदान रकम वितरण गर्दै आइएको गाउँपालिका अध्यक्ष भगतसिंङ खड्काले जानकारी दिए । उनका अनुसार पालिकाले चालु आर्थिक वर्षमा चार पशुपालन गर्ने फार्मलाई मासिक १० हजारका दरले अनुदान रकम उपलव्ध गराएको छ । उक्त फार्मले पाँच भन्दा बढी दुहुना गाईभैंसी पाल्दै आएकाले अनुदान रकम उपलब्ध गराइएको अध्यक्ष खड्काले बताए । उनका अनुसार अनुदान पाउनेमध्ये वडा ५ मा रहेको नमुना कृषि तथा पशुपक्षी फार्ममा नौ दुहुना गाई, वडा १ को गौरव कृषि तथा पशुपक्षी फार्ममा नौ, वडा ६ को घिमिरे कृषि तथा पशुपक्षी फार्ममा नौ र वडा २ मा रहेको गगन गृष्मा कृषि तथा पशुपक्षी फार्ममा आठ गरी ३५ वटा दूध दिने गाईभैंसी रहेका छन् ।

किसानलाई कृषि र पशु पालनमा प्रोत्साहन गर्दै थप हौसला प्रदान गर्न पालिकाले गत आवदेखि अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाकी उपाध्यक्ष अधिवक्ता पार्वती कुँवरले बताइन् । 'यसरी व्यावसायिक रुपमा सञ्चालनमा आएका फार्मको अवलोकन गर्दा किसानको मेहनत देखेर निकै खुसी लागेको छ', उनले भनिन्, 'यसले ईस्मालाई दूधमा आत्मनिर्भर बनाउन थालेको छ । पालिकाले उपलब्ध गराएको अनुदानको रकमले व्यावसायिक किसानलाई थप ऊर्जा र हौसला थपिदिएको गगन गृष्मा फार्मका सञ्चालक गगन कुँवरले बताए ।' पालिकाले गत आवमा छ फार्मलाई अनुदान उपलब्ध गराएको थियो । *-रासस*

बडादसैं २०८० को पावन अवसरमा



हार्दिक मंगलमय शुभकामना

सम्पूर्ण पाठक, ग्राहकवर्ग, विज्ञापनदाता, संवाददाता, कर्मचारी र शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू र सुख समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सूचना:
दसैं बिदाका कारण हाम्रो आगामी अंक २०८० कार्तिक १२ गते सोमबारका दिन प्रकाशित गरिनेछ ।

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

शितलपाटी

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## देखासिखी होइन, स्वेच्छाको बनोस् दसैँ

हिन्दुहरुको महान पर्व बडादसैँ घर आँगनमा आएको छ । आज दसैँको सातौं दिन अर्थात् फुलपाती हो । दसैँलाई हिन्दु नेपालीहरुले सबैभन्दा ठूलो र महत्वपूर्ण पर्वको रुपमा लिने गर्दछन् । दसैँ पर्वको सुरुवात घटस्थापनाको दिन जमरा राख्ने दिनदेखि सुरु भई सातौं दिन फूलपाती भित्र्याई कालरात्री नवमी गरी दशौं दिनलाई असत्यमाथि सत्यको विजय उत्सवको रुपमा मनाउने गरिन्छ । विजयको प्रतिक, असत्यमाथि सत्यको विजय, अँध्यारोबाट उज्यालोतिरको यात्रा जस्ता उपमाले यस पर्वलाई अझ बढी ओजिलो बनाउँदछ । दसैँमा अक्सर आफूभन्दा ठूला मान्यजनबाट टिका लगाएर आर्शिवाद लिने गरिन्छ । यसले मान्यजनप्रति श्रद्धाभाव राख्न सिकाउँदछ भने उनीहरूले दिने आर्शिवादले हाम्रो जीवनलाई मार्गदर्शन गर्न जीवनपयोगी बाटोतर्फ डोऱ्याउन मद्दत गर्ने विश्वास गरिन्छ । यसले सानालाई माया तथा आफूभन्दा ठूलालाई सम्मान गर्ने संस्कारलाई अगाडि बढाउन प्रेरित गरेको पाइन्छ ।

दसैँ पारिवारिक पुनर्मिलनको पर्व पनि हो । सबैजसो नेपाली आ–आफ्नो जन्मघरमा पुग्ने र मान्यजनबाट टीका जमरा तथा आशिर्वाद ग्रहण गर्ने प्रचलन यसको सौन्दर्य हो । धनी, गरिब, ठूला–साना सबैले आफ्नो शक्ति र गच्छे अनुसार बडो श्रद्धा भक्तिका साथ दसैँ मनाउने गर्छन् । शान्ति र सद्भावको सन्देश बोकेर आउने बडा दसैँले सम्पूर्ण हिन्दु नेपालीहरुलाई साच्चिकै शान्तिको अनुभुति दिलाउने गर्दछ । आफ्ना नाता, कुटुम्ब, ठूला, बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद थाप्ने, नयाँ–नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमता अनुसार मिठो खाना खाने–खुवाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्घर राख्ने जस्ता कुरा यस पर्वका विशेषता हुन् । पछिल्ला दिनहरुमा भने दसैँ आफ्नो आर्थिक हैसियत बिर्सेर अरु घोडा चढे भनेर आफू धुरी चढ्ने प्रवृत्तिले गर्दा उल्लास र उमँगको चाड हुन सकेको छैन । जसले गर्दा हुँदा खानेका लागि दसैँ 'दशा' बन्ने गरेको छ । तड्क भड्क दसैँ, हुने खानेका लागि राम्रै भए पनि हुँदा खानेका लागि भने दशा बन्नु दुखद् हो । चाडलाई पर्व र संस्कृतिको रुपमा मनाउनुपर्छ । आफ्नो घाँटी हेरी हाड निल्नु पर्दछ । एकातिर बजारमा खाद्य सामग्रीदेखि लत्ताकपडाको भाउ बढेको छ भने अर्कोतिर देखासिकीकै भरमा हामीलाई कोहीभन्दा कोही कम हुन मन लागेको हुँदैन । ऋण काढेर भए पनि मनाउँला भन्ने धारणाले आफ्नो हैसियत र आफ्नो खुसी के हो मानिसले छुट्याउन सकेका छैनन् । मान्यजनको आशीर्वाद लिन धेरै खर्च र तडकभड्क गर्नु आवश्यक छैन । तसर्थ दसैँलाई देखासिखी होइन, आफ्नो गच्छे र स्वेच्छाको रुपमा मनाऔं । बडा दसैँको सबैमा शुभकामना !

### Opinion @ Social Network


"कसैबाट अत्याधिक माया प्राप्त गरियो भने शक्ति मिल्छ,
कसैलाई अत्याधिक माया गरियो भने साहस मिल्छ ।"
*(धनु भुसालको फेसबुक स्टाटसबाट www.facebook.com//Dhanubhusal202)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विजया दशमी, दशहरा, दुर्गा पूजा अनि दसैँ



स्वयम्भुनाथ कार्की

***नेपालमा महाचाडको रूपमा मनाइँदै आएको दसैँलाई अनेकौं नामले बोलाइने गर्दछ । यी सबै नामहरू समानार्थी लाग्ने गर्दछन् । दुर्गा पूजा, विजया दशमी, दशहरा अनि दसैँ सबै यो साँस्कृतिक परम्पराको पर्व दसैँलाई गरिने सम्बोधन हो । हरेक चाडलाई, स्थानीय विषेश संरचनाका स्थान वा उपासनास्थललाई त्यसको महत्व बढाउन धार्मिक कथाहरूसँग जोडिने प्रवृत्ति रहन्छ । त्यस अवस्थाको जनमानसको सोच अनुकूल लागेर जोडिएका यस्ता कथा कालान्तरमा प्रत्युत्पादक हुन सक्छन् । जो विगतका केही दशकदेखि दसैँको विरोध गर्नेहरूले उपयोग गरिआएका छन् । अर्थात् यो समय परम्परा संस्कृति समिश्रण गर्नेभन्दा आफूलाई त्यस्ता परम्परा संस्कृतिसँग अलग्याउने युगको आरम्भको रूपमा देखा पर्दैछ । कुनै धर्म विशेषको भनेर साझा परम्परा तथा संस्कृतिबाट आफूलाई अलग्याउनुभन्दा पहिला त्यस परम्पराले संस्कृतिले वर्तमान रूप कसरी लियो भन्ने मन्थन हुनुपर्ने हो तर त्यसो भइरहेको छैन । शुभकामना आदानप्रदानमा प्रयोग गरिने 'हिन्दुहरूको महान चाड' वाक्यांशले समाजका सबैलाई समेट्दैन ।***

परम्परा, संस्कृति जस्ता कुराले मानव समाजलाई अन्य प्राणीभन्दा फरक बनाउँछ । रानी, भाले र कर्मी जस्ता भिन्न किसिमका सदस्य भएका समाजमा एकाकार भएर बस्ने माहुरी, कमिला जस्ता प्राणी हुन् वा हात्तीदेखि बाँदरसम्मका समूहमा बस्ने प्राणी हुन् ती सबैका आ–आफ्ना समाज छन् । त्यसैले सामाजिक संरचना भएका प्राणीहरूमा मानव समाजमात्र एक्लो होइन । ती समाजहरूमा पनि कुनै न कुनै किसिमको व्यवस्था हुन्छ, नीति हुन्छ, नियम हुन्छ । यस्तै तत्वले सामाजिक संरचना भएका प्राणीहरू अस्तित्वको निमित्त हुने संघर्षमा योग्य भएर बाँचेका हुन् । समाजमा आवश्यक सबै आधारभूत कुरा मानवलगायत सबै सामाजिक संरचना भएका प्राणीमा समान छ । सबै कुरा समान नै भए पनि मानव समाजमा थप केही अन्य तत्व छन् जो अन्य समाजमा छैनन् । त्यसमध्येको महत्वपूर्ण कुरा हो यो परम्परा र संस्कृति । संस्कृति, परम्परा आदि कुराहरू कुनै पनि मानव समाजको परिचय अर्थात् वर्तमानमा प्रचलित शब्द पहिचान हो । पहिले एकाइ सदस्य हुन्छ, त्यसपछि परिवार हुन्छ अनि बन्धुबान्धव हुन्छन् । यो सबै छरछिमेकी, टोल, गाउँ आदि हुँदै एक राष्ट्र हुन्छ जो समाजको उच्चतम रूप हो । परम्परा, संस्कृति आदिमा सानातिना भिन्नता बन्धुबान्धवबीचमा हुनु, छरछिमेकमा हुनु सामान्य कुरा हो । यस्तो अवस्थामा परम्परा, संस्कृतिबीचका भिन्नता हल गर्ने दुई तरिका हुन्छन् । पहिलो यो भिन्नतालाई द्वन्द्वको रूप दिएर लैजाने, अर्को भिन्नतालाई स्वीकार गरेर परम्परा तथा संस्कृतिको समिश्रण गरेर एक महासमाजको रूपमा लैजाने । यहाँ द्वन्द्व भनेर भन्नाले भौतिक, शारीरिक द्वन्द्वमात्रलाई भनिएको होइन सबै किसिमका द्वन्द्व भनिएको हो । यस्ता द्वन्द्वले बढ्ने वैमनश्यताले समाजलाई एक समाजको रूपमा रहन दिँदैन । समाज ससाना धेरै समाजमा टुक्रने क्रम आरम्भ हुन्छ । यो दुई अवस्थामा कुन सही हो कुन गलत हो त्यो निर्क्योल गर्ने काम हरेक व्यक्तिको हो । जुनसुकै निर्क्योलमा पुग्ने अधिकार हरेक व्यक्तिको हुन्छ जो अनातिक्रम्य हुन्छ ।

नेपालमा महाचाडको रूपमा मनाइँदै आएको दसैँलाई अनेकौं नामले बोलाइने गर्दछ । यी सबै नामहरू समानार्थी लाग्ने गर्दछन् । दुर्गा पूजा, विजया दशमी, दशहरा अनि दसैँ सबै यो साँस्कृतिक परम्पराको पर्व दसैँलाई गरिने सम्बोधन हो । हरेक चाडलाई, स्थानीय विषेश संरचनाका स्थान वा उपासनास्थललाई त्यसको महत्व बढाउन धार्मिक कथाहरूसँग जोडिने प्रवृत्ति रहन्छ । त्यस अवस्थाको जनमानसको सोच अनुकूल लागेर जोडिएका यस्ता कथा कालान्तरमा प्रत्युत्पादक हुन सक्छन् । जो विगतका केही दशकदेखि दसैँको विरोध गर्नेहरूले उपयोग गरिआएका छन् । अर्थात् यो समय परम्परा संस्कृति समिश्रण गर्नेभन्दा आफूलाई त्यस्ता परम्परा संस्कृतिसँग अलग्याउने युगको आरम्भको रूपमा देखा पर्दैछ । कुनै धर्म विशेषको भनेर साझा परम्परा तथा संस्कृतिबाट आफूलाई अलग्याउनुभन्दा पहिला त्यस परम्पराले संस्कृतिले वर्तमान रूप कसरी लियो भन्ने मन्थन हुनुपर्ने हो तर त्यसो भइरहेको छैन । शुभकामना आदानप्रदानमा प्रयोग गरिने 'हिन्दुहरूको महान चाड' वाक्यांशले समाजका सबैलाई समेट्दैन । यसले आफूलाई गैरहिन्दु मान्ने तथा ठान्नेहरूलाई नेपालीबाट यो संस्कृति, पारम्परिक पर्वबाट अलग्याउँछ । वास्तवमा भन्ने हो भने यो हिन्दुहरूको साझा चाड भन्न सकिने आधार निकै कम भेटिन्छ यदि यसमा भएको पौराणिक कथाको कोण छोड्ने हो भने । दसैँसँग असम्बन्धित राम–रावणको युद्धमा रावण वधको कथा जोडिएको छ ।

यो दसैँ मान्ने नेपालको विशिष्ट तरिकासँग मेल खाँदैन । पहिलो कुरा त रामायण अनुसार रावण बधको ऋतु शरद थिएन शिशिर थियो । भारतमा केही समुदायहरू यही समयमा रावण बध भएको मानेर दशहरा मनाउने गर्दछन् तर उनीहरूको दशहरा मान्ने तरिका नेपालको दसैँ मान्ने तरिकाभन्दा फरक छ । त्यस्तै बंगालमा यसै समयमा दुर्गापूजा पर्व मनाइन्छ । त्यसको पनि मनाइने तरिका नेपालको दसैँभन्दा भिन्न छ । संस्कृतिक समिश्रणको क्रममा ती कुराहरूलाई पनि अंगीकार गरियो भन्दैमा दसैँ केबल हिन्दुहरूको चाड भनेर मान्न सकिँदैन । नेपालीहरूको वा नेपालमा मनाइने दसैँको अनेकौं आयाम छन् । ती आयाममा शास्त्रीय अर्थात् धार्मिक अनुष्ठान छन् । साथै अन्य सामाजिक, आर्थिक आयाम छन्, जो धार्मिक आयामभन्दा ज्यादा महत्वका छन् । केवल नेपालीले मात्र एक पक्ष अर्थात् आधा चन्द्रमास दसैँ मनाउँछन् । घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म नेपालीहरूको निमित्त दसैँ हो । यसमध्ये विजया दशमी भनिने चन्द्र महिनाको शुक्लपक्षको दशौं दिन एक दिन हो । यो दिनदेखि टीकाको बहानामा आफ्ना आफन्त, मान्यजन आदिसँग भेटघाट गर्ने क्रम आरम्भ हुन्छ । नौ दिनसम्म लगाएर उमारिएको जमरा दशौं दिनदेखि उपयोग गरिन्छ शुभ अनि आशिर्वादको रूपमा । यो परम्परा सबै हिन्दुहरूमा छैन । केवल नेपाली समाजले मात्र यो संस्कृति, परम्परा अँगालेको छ । आफूलाई गैरहिन्दु भन्ने नेपालीहरूले पनि यसलाई आफन्तसँगको भेटघाटको अवसरको रूपमा प्रयोग गर्ने गर्दछन् । विजया दशमी सम्पूर्ण दसैँ होइन यो त दसैँका १५ दिनमध्येको एक महत्वपूर्ण दिनमात्र हो । दसैँ समाजमा सहकार्यको बानीलाई प्रवर्धन गर्ने नेपालीको चाड हो । यो एक महत्वपूर्ण आयाम हो दसैँको । समाजमा भएका व्यक्ति अ–आफ्ना सानातिना मतभिन्नता भुलेर दसैँलाई रमाइलो बनाउन सहकार्य गर्दछन् । लिंगेपिङ हाल्ने चलन सामाजिक वैमनश्यताको उपचार गर्ने एक उपाय हो जो दसैँको बहानामा उपलब्ध हुन्छ । लिंगेपिङमा लाग्ने सामग्री, त्यो पिङमा योगदान दिनसक्ने श्रम तथा सीप साझा प्रयासबाट हासिल गरिन्छ । त्यसबेला गरिने अनेकौं मनोरञ्जनात्मक कार्यक्रम यस्तै साझा प्रयत्नबाट सम्पादन हुन्छन् । यसले वर्षभरिमा जे जस्तो आपसीसम्बन्ध भए पनि हरेकले हरेकको समाजमा रहेको महत्व फेरि बोध गर्दछन् । सामाजिक सहकार्यले अनुभूत हुने गौरव र आत्मसम्मान सानोतिनो कुरा पटक्कै होइन । यस्ता सहकार्यहरूमा समाजमा व्याप्त अनेकौं कुरीति गौण हुने गर्दैछन् । सातौं दिन मनाइने फूलपाती भित्र्याउने परम्परा आधुनिक नेपाल निर्माणपछिको संस्कृतिक, पारम्परिक समिश्रणको परम्परा हो । गोरखा दरबारबाट हनुमानढोकामा भित्र्याइने फूलपातीको चलन परापूर्व कालमा पनि थियो भन्ने मान्न कठिन हुन्छ । यो धार्मिक रीतभन्दा संस्कृतिक समिश्रणको काम हो । यस्तै गोरखाली संस्कृति परम्परासँग नेवा संस्कृति परम्पराको समिश्रण हुने अनेकौं परम्परा दसैँको अवसरमा देख्न पाइन्छ । त्यसबाहेक दसैँ मनाउने आ–आफ्नै मौलिक परम्परा विभिन्न क्षेत्रमा प्रचलित छन् र उत्तिकै मान्य छन् । यसका धार्मिक शास्त्रीय विधि सेना वा प्रहरीका ब्यारेकहरूमा एक किसिमको पाइन्छ भने त्यसबाहिर अनेक किसिमका पाइन्छन् । राम्रो लगाउने मीठो खाने अनि आफन्त, साथीसँगीसँग रमाउने अवसरका रूपमा नेपालीको दसैँको महत्व छ । आफूसँग सम्बन्धित भएका, आफ्ना सहयोगी कामदारलाई दसैँ रमाइलो बनाउन सहायता गर्ने चलन छ । बालीघरेहरूको निमित्त नियत गरिएको विशेष भाग उनीहरूको अपमान होइन त्यो उनीहरूको अधिकार अनि सम्मान हो । वर्षभरि काम गरेर मुख्यबालीबाट ज्याला स्वरूप हिस्सा लिने पद्धति बालीघरे पद्धति हो । पूर्वी तराईमा यसलाई खनमा गरिने काम भनिन्छ ।

दसैँमा समाजमा रहेका अन्य विपन्न असहायलाई समर्थहरूले गच्छेनुसार दसैँ मान्न सघाउनु नैतिक कर्तव्यभित्र पर्ने गर्दछ । साँस्कृतिक पारम्पारिक समिश्रणले नेपालीको दसैँलाई दशहरा, दुर्गा पूजा, या विजया दशमी भन्न सकिन्छ । अंगीकार गर्ने क्रममा दशहरा मनाउनेहरूको मान्यताअनुसार यसलाई राम–रावण युद्धसँग जोडिएकोमा आपत्ति जनाइहाल्नु नपर्ला तर शास्त्रीय आधार लिने हो भने पनि यो शाक्त परम्परामा आधारित छ । दसैँमा पढिने चण्डी अर्थात् दुर्गा सप्तशतीमा राम र रावणको कतै उल्लेख छैन । दसैँलाई केवल हिन्दुको भनिनु आपत्तिजनक छ । यो नेपाली मौलिक परम्परा हो यसमा पनि मानिने तरिकामा विविधता छ र यो विविधता नेपाली राष्ट्रियताको मूल तत्व हो । त्यसैले भनिने गरेको छ नेपाल विविधतमा एकता भएको मुलुक हो । जुनदिन विधिता लिएर पनि कायम गरिएको एकता तोडिनेछ त्यो दिनदेखि नेपालको अस्तित्व पनि रहने छैन । त्यसैले आफूलाई धार्मिक र अग्रगामी देखाउने होडमा विविधताबीचको यो एकता तोडिन हुँदैन । यसो भएमा भौगोलिक नेपाल त रहला कि नरहला तर यो भूगोलमा नेपाली रहने छैनन् । त्यसैले सही वाक्य दशौ नेपालीहरूको महान् सांस्कृतिक पारम्पारिक पर्व हो । यसलाई यही रूपमा रहन दिनुपर्छ हिन्दु र अहिन्दुको रणमैदानको हतियार बनाइनु हुँदैन ।

***–इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तसँग कुनै पनि काम, व्यवहार गर्दा सावधानी अपनाउनु होला । | **तुला** : अधुरो काम पूरा हुनेछ। व्यवसायका लागि यात्राको सम्भावना हुनेछ । |
| **वृष** : नयाँ कामको थालनी हुनेछ । शुभ यात्राको योग छ । | **वृश्चिक** : आफन्तको सहानुभूति मिल्नेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **मिथुन** : मनमा उत्साह सिर्जना हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने बेला छ। | **धनु** : परिबन्धनमा परिने तथा झै झगडा हुने अधिक सम्भावना रहेको छ । |
| **कर्कट** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । | **मकर** : वैदेशिक कार्य अघि बढ्नेछ । आफन्तसँग भेटघाट पनि रहला । |
| **सिंह** : संयमता अपनाउनु राम्रो हुनेछ । कार्यमा बाधा पनि आउन सक्छ । | **कुम्भ** : कार्यमा सफलता मिल्नेछ । मनमा शान्ति छाउनेछ । |
| **कन्या** : काममा सफलता प्राप्त हुनेछ। प्रतिष्ठा र पदोन्नतिको सम्भावना पनि छ। | **मीन** : कार्यको लागि यात्रा हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |

# साहित्य दर्पण

सामाजिक कथा — बिजु सुवेदी (विजय)

## अपरिचित

*कार्यालयमा पनि ऊ नै चाँडै पुग्थ्यो अनि अरूभन्दा ढिलो आफ्नो बासस्थान फर्कन्थ्यो । अरू अल्छी कर्मचारीहरूले उसलाई काममाथि काम थोपर्थ्यो । उसले खुसीसाथ त्यो काम गरिदिन्थ्यो । मशान्त हुन्थ्यो साहुले उसलाई तलब बाँड्न लगाउँथ्यो । विश्वासी भएकाले साहुले उसलाई नाफा नोक्सानका सबै हिसाब देखाउँथ्यो । त्यो हविगतदेखि उसले कार्यालयबाट तलब पनि लिँदैनथ्यो तर अन्य कर्मचारीहरूले भन्थे कि 'यसको घरमा प्रशस्त धन छ, यसलाई कुनै समस्यै छैन, हामी जस्तो यसले धन नभएर काम गर्न आएको होइन । सहरिया भएर यसको तामझाम नै बेग्लै छ ।'*

हुन त उसको बुबाको पुख्यौली सम्पत्ति धेरै नै थियो । जग्गा जमिन पनि प्रशस्त थियो । खेतीपाती प्रशस्तै गर्थे । यसले गर्दा उब्जनी पनि राम्रै हुन्थ्यो । उनीहरूको १० जना जतिको परिवार ऐश आरामसँग बसी खान लाउन पुग्थ्यो । परिवारका सदस्यहरू हुर्काउनु भन्दा पाहुना सत्कार गर्नमा उसको बुबाले कुनै कसर छोड्दैनथे । कालले कसलाई छोड्थ्यो र ? उसको बुबाको पनि दिन आयो । औषधी उपचारमा खर्चको कुनै कसर नछोड्दा पनि प्रयास विफल भयो । उसको बुबा जन्मदा थाहा नभएको ठाउँ जहाँबाट आएका थिए थाहा नभएको ठाउँ त्यहीं उसको बुबाले पनि जानुपऱ्यो । उसले बिहे गर्नेबारे कहिल्यै सोच्नै पाएन ।

चलन अनुसार बुबा वितेपछि छुटेर सम्पत्ति लिएकै कारण उसका अन्य परिवारहरूसँग उसको नाता टुटिसकेको थियो । घर परिवारका उसका अंशियारहरू उसँग छुट्टिसकेको धेरै भइसकेको थियो । सम्पत्तिको बाँडफाँट हुँदा सम्पत्तिका नाममा सहरमा एउटा टहरो उसले पाएको थियो भने गाउँको दोयम खालको एकसरो जग्गा पनि उसको भागमा परेको थियो । यत्ति छुट्टिसकेपछि उसका नातेदारहरू सबै पानी बाराबार जस्तो भएका थिए । ऊ जतिसुकै सोझा भए तापनि उसको बुबाले 'आफ्नो पाएको कुरा किन छोड्ने ? भनेरै त मैले यी सम्पत्ति पाएको हुँ ।' भनि राख्नेले गर्दा ती उसका सम्पत्तिहरू भने उसले लडेरै लिएको थियो तर त्यतिबेलादेखि ऊ एक्लो भयो । उसको नियास्रो मेटाउने साथी भयो त पाहुना नै भयो । उसका बुबाले जस्तै उसले पनि पाहुनालाई देवता मान्थ्यो । पाहुनालाई सत्कार गर्नु उसको पुर्खौको चलन थियो । यसलाई उसले कर्म मानी, धर्म मानी खुबसँग निभाइरहेको थियो । त्यसैले पनि त ऊ पाहुना भनेपछि हुरुक्कै हुन्थ्यो । त्यसैले उसकहाँ पाहुना लाग्नेको कमी भएन । जो पनि उसकहाँ आउँथ्यो उसले सत्कार गर्थ्यो । सत्कारको कुनै कमी महशुस हुन दिँदैनथ्यो । गाउँकाहरूलाई पनि सत्कारमा कुनै भेदभाव गर्दैनथ्यो । भलाद्मी व्यवहार गथ्यो । कुनै सानो पनि छु' व्यवहार गर्दैनथ्यो । उसको नम्रता मननीय थियो । एकदम मानसम्मान गर्ने भएकाले उसबाट कसैप्रति पनि आत्म सम्मानमा ठेस लाउने काम भएन । त्योबाहेक पनि उसकहाँ आउने जो कोहीलाई पनि केही न केही भरपेट नै खुवाउँथ्यो । त्यसले गर्दा उसले कहिले पनि दुई छाक राम्रो खान पाउँदैनथ्यो । अझ ऋण सापटी लिएर कुनै न कुनै कोसेली दिई पठाउँथ्यो । कोसेली लिन नमान्दा उल्टै ऊ रिसाउँथ्यो तर उसले यसलाई आफ्नै तरिकाले आफ्नो गक्ष अनुसार मेहमानबाजी गरेको भन्थ्यो । पाहुनाहरू उसको सत्कार स्विकार्न बाध्य हुन्थ्यो । उसको भने दुर्दशा सुरु भइसकेको थियो । तर उसलाई थोपो मतलब हुँदैनथ्यो । न नै उसले यो ख्यातिको आशाले गरेको थियो । गरेको थियो त बस भित्री आत्मा अनि मनलाई खुसी पार्न यस्तो गरिरहेको थियो । यस्तो गर्दा ऊ महाआनन्दित हुन्थ्यो । यसरी उसका परिवारमा उसले मात्रै पाहुनाको सत्कार गरी बाबुको बिँडो थामेको थियो । उसको यस्तो प्रेम अतुलनीय थियो तर उसलाई सबैले भन्थे कि 'यो सँग प्रशस्त धन छ, सहरमा बसेर यसको तामझाम नै बेग्लै छ ।' ऊ हाड घोटी-घोटी कर्मचारीका रुपमा कार्यालयमा पनि काम गथ्यो । कार्यालयमा पनि ऊ नै चाँडै पुग्थ्यो अनि अरूभन्दा ढिलो आफ्नो बासस्थान फर्कन्थ्यो । अरू अल्छी कर्मचारीहरूले उसलाई काममाथि काम थोपर्थ्यो । उसले खुसीसाथ त्यो काम गरिदिन्थ्यो । मशान्त हुन्थ्यो साहुले उसलाई तलब बाँड्न लगाउँथ्यो । विश्वासी भएकाले साहुले उसलाई नाफा नोक्सानका सबै हिसाब देखाउँथ्यो । त्यो हविगतदेखि उसले कार्यालयबाट तलब पनि लिँदैनथ्यो तर अन्य कर्मचारीहरूले भन्थे कि 'यसको घरमा प्रशस्त धन छ, यसलाई कुनै समस्यै छैन, हामी जस्तो यसले धन नभएर काम गर्न आएको होइन । सहरिया भएर यसको तामझाम नै बेग्लै छ ।' उसलाई समानता मनपर्थ्यो । सबैलाई समान व्यवहार गर्थ्यो । यस्तो उसको व्यवहारले ठूलाले आफुलाई अपमान गरेको सम्झन्थे । सानालाई पनि ऊ मितको व्यवहार गर्थ्यो तर तिनीहरूले उसलाई 'यसलाई जस्तो व्यवहार गरे पनि हुन्छ' भनी हेप्थे । ठूलो सानो दुबै पक्षले 'यसको अनुशासन ठिक छैन भन्थे । यसैकारण उनीहरूले उसलाई रिहाविटेसन सेन्टरमा पुऱ्याए । तर त्यो उसको अटल विचार थियो । दुबै पक्षले भन्थे कि 'भनिहालेँ नि यसको अनुशासन ठिक छैन भनेर त्यसैले त यसलाई जति पागलखाना लगे पनि सुध्रिएन ।' बुद्धले ग्रहण नगरेजस्तै यस्ता कुराहरूलाई उसले सामान्य रुपमा लिन्थ्यो । 'बरु उनीहरूको मती सुध्रियोस्' यही उसले पुकार्थ्यो । फेरि उसले उसको पाहुनाप्रतिको सत्कारमा कुनै कमी हुन दिएन ।

विस्तारै विस्तारै यस्तो स्वभावले गर्दा उसको ऋण बढ्दै गयो । सहरको भएको सानो टहरो पनि उसले बेच्नु पर्यो । ऊ डेरामा बस्न थाल्यो । तैपनि उसकहाँ पाहुना आउने क्रम रोकिएन । दिनभरि त्यसै बस्नुभन्दा केही न केही गर्नुपर्छ भनी फेरि त्यही कार्यालयमा ऊ काम गर्न गयो । साहुले पनि उसलाई खाली नोक्सान भएको हिसाब मात्र देखाउँथ्यो । साहुलाईभन्दा उसलाई पिर पर्थ्यो । त्यसैले उसले नि:शुल्क काम गथ्यो त्यसैले त जति पटक काम छोडे पनि साहुले उसलाई काममा आउन स्वागत गर्थ्यो । अरू कर्मचारीहरू निक्लिएर गइसकेपछि फेरि आउँदा साहुले नभित्र्याएको देखेर आफू विश्वासी भएकोमा ऊ गर्वले पुलकित हुन्थ्यो । उसलाई देखाउने दाँत साहुको त्यो हिसाबको मात्र नोक्सान थियो तर भित्रभित्रै फाइदा गरी चपाउने दाँत अर्कै थियो । पहिले पहिले त अलिअलि भए पनि उसले मेहनताना पाउँथ्यो तर विस्तारै विस्तारै उसलाई चिन्दै गएपछि साहुले पनि उसलाई शोषण गर्न थाल्यो । त्यो उसले बुझ्नै सकेन तर साहुले उसलाई कहिलेकाहीँ खाजा मात्रै खुवाएर टार्थ्यो । यसले गर्दा उसमाथि ऋणको भार पहिलेभन्दा बढ्दै गयो । गाउँमा बचेको एक मात्र जग्गा पनि उसले बेच्नुपऱ्यो । यसरी उसलाई ठग्नेहरू नै बढी निस्किए । तीमध्ये कोही कोहीलाई त उसले १० वर्षसम्म पाहुना भनी दैनिक खाजा खुवाएको थियो तर उसको सम्पत्ति सबै सकिँदै गर्दा मद्दत गर्नेहरू कोही निस्किएनन् । बरु विचरा भनी तल झारी कुरा गर्नेहरू बढी देखिए । उसको सम्पत्ति हुँदा, उसले सत्कार गरेको खान पाउँदा उनीहरूका लागि उ सद्दे थियो तर त्यसो गर्न नसक्दा उनीहरूले उसलाई दिमाग ठिक नभएको मान्छे बनाए ।

देशमा सोझाहरू बस्नै नसकिने थिति हुन थाल्यो । जताततै विभेद व्याप्त हुन थाल्यो । झुट बोल्ने लुच्चाहरूलाई चलाखको दर्जा दिइन थाल्यो । सोझासिधाहरूले सिधा काम गरेर बाँच्नै नसकिने समय हुन थाल्यो । त्यति बेलासम्ममा उसका सारा सम्पत्ति सखाप भइसकेको थियो । फेरि देशमा यस्तै यस्तै र अरू धेरै विभेदका कारण जन आन्दोलन सुरु भयो । ज्यानको बाजी थापी उसले कर्फ्युमा पनि आन्दोलनमा भाग लियो । देशका जायज मुद्दाहरू जनताहरूलाई छर्लङ्ग बतायो । जनताको रगत ततायो । त्योभन्दा बढी आफ्नो रगत ततायो । जनतालाई आन्दोलित बनायो, उद्वेलित पाऱ्यो । संगीनको बिचमा पनि प्रगतिशील गीत वाचन गर्यो । जनता जनता देश देश भनी २४ सै घण्टा खटिरह्यो । भोक प्यासको परवाह गरेन । आन्दोलनले चर्को रुप लिन थाल्यो । उर्लिएका जनताले जित्दै गए । शासकहरू घुँडा टेक्न बाध्य भए । जस्तोसुकै रुपको भएतापनि गणतन्त्र आयो । जनताले महाउत्सव मानी मनाए । 'गणतन्त्र महाउत्सव मैले गर्दा आएको, मैले गर्दा परिवर्तन अनि क्रान्ति भयो ।' भनी कलाकारहरू खुला मञ्चमा उत्रिए । तर उनीहरूले भने कि 'यसलाई नडाकेकै ठिक छ । साम्यवादी भनेर यसले कुनै पार्टीलाई समर्थन गर्दैन ।' उसको यस्तो कामको कसैले पनि उसलाई समर्थन गरेको उसले पाएन । ऊ आफुलाई परीक्षण गर्न ऊ गइरहने सडकमा जान्थ्यो, बजार जान्थ्यो, गाउँ डुल्थ्यो, आन्दोलनमा भाग लिएको ठाउँमा जान्थ्यो । जता गए पनि मानिसको भिड देख्थ्यो तर उसलाई कसैले टेर पुच्छर गरेको पाएन । आजकाल उसलाई कसैले पनि चिनेको जस्तो गर्दैनन् । आज उसको जिन्दगी सडक भएको छ । 'के आपत पर्दा मलाई चिन्ने यिनै जनता हुन् त ? किन उनीहरू मलाई अनभिज्ञ भई अपरिचितलाई झैँ व्यवहार गर्छन् ?' उसले आफूले आफैलाई प्रश्न गर्थ्यो । त्यसैले त आजकल उसले आफुलाई नितान्त एक्लो पाउन थालेको छ ।

***-मझेरी डटकम***

कथा — विष्णु पादुका

## कृष्ण भगवान् या मान्छे ?



मान्य पात्रलाई पूज्य पात्रका रूपमा लिने पूर्वीय दर्शन छ । अतिरिक्त क्षमतावान् व्यक्तिलाई उसको अन्त्यपछि एउटा सम्मान दिने प्रचलन भने विश्वभरि नै छ । दक्षिण एसियामा विकसित हिन्दी परम्पराले समयको कालखण्डमा एउटा सम्प्रदाय या धर्मका रूपमा स्थापित भए पछि वेदपुराणको महत्व बढेन मात्रै, बृहत् प्रचार पनि पायो । धार्मिक ग्रन्थहरू पूजित र सङ्ग्रहित मात्रै भएनन् । आलोचना र विश्लेषण पनि हुन लाग्यो । पुराणका अनेक पात्रका बारेमा कथाकहानी लेखिने र फिल्म बन्नेसम्मको होडबाजी नै अझैसम्म ।

स्थापित मिथक बनेको त्यस युगका नायक कृष्णको कथा इतिवृत्त लिएर फेरि अर्को पुस्तक आयो डा. शंकर प्रसाद गैरेको । कृष्ण- पछिल्लो पुस्तामाझ एक धार्मिक नायक 'सुपर म्यान अफ एसिया' भनिने पात्र हुन् । पात्र प्रवृत्ति र क्षेत्रलाई परिच्छेदका रूपमा ल्याएर मिथकलाई रोचक बनाउनु उपन्यासको सबल पक्ष हो । पात्रमाथि संवाद थपेर लेखकीय आदर्श प्रस्तुत गर्नु औपन्यासिक चरित्रको पनि पूर्णत: पालना भएको छ । कहींकतै परिच्छेदको नामकरणको बोध अमूर्त लाग्छ । नेपाली समाज संस्कृत र हिन्दी साहित्यको जगमा उभिएको भन्दा अराष्ट्रिय तत्व भई हालिने होइन । मानव विकास क्रममा हेर्दा लेख्य भाषा निकै पछि विकसित भएको हो । जगमा संस्कृत नै लेखिएको थियो । त्यो वेला लेख्य सामग्री श्लोकवद्ध हुनुपर्ने मान्यता हुनुपर्छ । संस्कृतका अधिक ग्रन्थ पद्यमै लेखिए, वेद, पुराण, उपनिषद् आदि सबै । हरेक साहित्यको सरलीकरण हुँदै जाने क्रममा कृष्ण लेखियो । पाल्पामा कार्यक्षेत्र भएका र संस्कृत शिक्षाबाट दीक्षित शंकरमा कहीं स्थानीय आञ्चलिक कुरा कहीं हिन्दीको प्रयोग त कतै संस्कृतका मूल शब्दमै रमाएको देखिन्छ । छपाइ अशुद्धी आठदेखि दस ठाउँमा भेटियो । नेपाली पुस्तकको आकाशमा यत्तिको लाई सामान्य लिनुपर्छ । सलल बगेको कृष्णको जीवनीले बेहोराका उतारचढावमाथि पाठकीय दृष्टिकोण यस्तो रह्यो । लेखकीय स्वरसहित चौबिस परिच्छेद गन्न पाइन्छ । निष्कर्ष, कथारम्भ र कथान्तबाहेक मूल कथा एक्काइस परिच्छेद हो । कथा कृष्णको जन्म पूर्वदेखि सुरुवात हुन्छ । उग्रसेनलाई आफ्नै छोरो कंसले अपदस्त गरेर । त्यसमा राजनीतिका चतुर खेलाडी अक्रूरको उपस्थितिले नै कृष्णको जीवन आरम्भ सम्भव छ । अक्रूरका सहयोगी सुधर्मको सरल तर गम्भीर वाक्य 'पेसामा लगाव भएन भने कर्मले श्राप दिन्छ र त्यो पेसागत व्यक्ति कहिल्यै सफल हुन सक्दैन ।' लेखकीय आदर्श वाक्य हो यो । अक्रूर युगपुरुष नै थिए । गोकुलमा कृष्णको सुरक्षा र उनको बाललीलासँगै राधाको आगमनसँगै कंसको पटक-पटकको आक्रमण र त्ससँग जुध्न भएका यावत् प्रयास संगठित छन् संगठनमा । राधाकृष्णको प्रेमोत्कर्षले उपन्यासको रङ्गमा प्रेमरस पोतेकै छ । राधाको आँखामा जुन कृष्ण देखिए असलमा त्यस्तै कल्पना छ गैरेको आवरण पनि । वधशालामा कंसको वधपछि अवन्तिपुरका सान्दीपनिको गुरुकुलमा पुग्छन् पाठक । जहाँ भिन्न-भिन्न चरित्रका शिष्यहरू अध्ययनरत छन् । अधुरो पढाइ छोडेर बलराम र कृष्ण देशको सुरक्षाका लागि हाजिर हुन्छन् परराष्ट्र सम्बन्ध भित्र । दाजु बलरामको बिहेपछि कृष्णको बिहे लगातार तीनपटक भएको छ । त्यसपछि लक्ष्यभेदनको प्रसङ्गले अर्जुनको बिहे हुन्छ । परीक्षा खण्डमा माया र प्रेमको बिच अन्तर केलाइएको छ । दरवारको कलह, कौरव र पाण्डवबिचको खिचातानीमा पाण्डबहरू बलिको बोको भइरहेको कथा जोडियो हस्तिनापुरमा । अवन्तिपुरदेखि बिछडिएका मित्र सुदामाको भेट देखाइएको छ मित्रमिलनमा । पसिना बगाएर मेहनतले उठेको स्तरमाथि पनि विनाकारण शत्रुको आँखा लाग्छ । ईर्ष्याका कारण भएको कलहमा पटक-पटक शान्ति कायम हुन नसकेपछि अन्तत: कुरुक्षेत्रमा अठार दिन युद्ध मच्चिन्छ । विभिन्न प्रपञ्च गर्दै पाण्डवको जित हुन्छ । निष्कर्षमा कृष्णले आत्मसमीक्षा र जीवनसँग जोडिएका पात्रहरूको समेत सङ्क्षिप्त मूल्याङ्कन गर्दागर्दै उनको व्याधाको वाण लागी अन्त्य हुन्छ । सारमा कथा यही हो । अधिकांश पाठकका लागि नौलो विषयवस्तु हुँदै होइन । युद्धपछि क्रोधका कारण पाण्डवका पाँच सन्तानको हत्यामा संलग्न पुस्तौ 'अघिका अश्वत्थामाको पूर्खाको श्राप आजपर्यन्त गुफाभित्र रहेर भोग्दै छन् उनका सन्तान । कृष्ण आफैँमा मान्छे हुनुपर्छ । मान्छे नै थिए । महाभारत कालीन महर्षि व्यासले उनको देवत्वकरण गरे । युग-युगको कुरा हो । कुनै बेला मान्छेलाई देउता बनाउन हतार भयो । कुनै युगमा देवताको अस्तित्व संकटमा छ । मानिएका देवतालाई होइन उनीहरू मान्छे नै थिए भनेर भिन्न-भिन्न कोणबाट प्रमाणित गर्नु छ । सायद यही होला चेतनाको आयाम । कृष्णमाथि आँखा बिछ्याइरहँदा मनमा लागेका कुरा बोलिएन भने पाठक हुनुको कर्तव्य देखिँदैन । त्यसैले यसका आलोचनात्मक पक्षका बारेमा पनि बोल्नुपर्ने हुन्छ ।

मूलत: तीन कुरामा उपन्यास तर्कसङ्गत मानिँदैन ।

१) माया, प्रेम र यौन,

२) ईश्वर र मान्छे, र

३) युद्ध र राजनीति ।

हकंसले जस्तो व्यवहार गरे पनि शिशु रक्षार्थ अक्रूरको योगदान अतुलनीय छ । हुर्कदै गएको बाल्यकाल अनि किशोरावस्थाका राधाकृष्णको प्रेमलाई विवाहसम्म लाँदा खास के विघ्न पर्थ्यो ? स्पष्ट जवाफ छैन । यो कुरा धरावासीको राधा र अन्यत्र पनि स्पष्ट खोजिएको छैन । धारावासी समेत बिहेपछि प्रेम सकिन्छ भनेर लेख्छन् । महाभारतकालदेखि आजसम्म प्रेमविवाह र यौनलाई भिन्न राखियो । जब कि तीन कुरा दुई शरीर र दुई आत्माबिचका उपज हुन् । सुन्दर कुराको मोह प्रेम होइन भनेर भन्ने कृष्ण आफैं कहिले रुक्मिणीमा त कहिले द्रौपदीमा राधाको रूप र लावण्य देख्छन् । उसो त आलोचना गर्न दुनियाँ स्वतन्त्र छ भनेर कृष्णका माध्यमबाट महर्षिहरूले चेतनाको ढोका थुनेका छैनन् । यो विषय अझै पनि व्यक्तिगत परिभाषामै अल्झिएको छ । द्रौपदीलाई हरेक वर्ष लोग्ने फेरेर भए पनि आमाको वचन तोड्न हिचकिच्याउने पाण्डवहरू द्रौपदीको सुरक्षाका बारेमा वेला-वेला चुक्छन् । देखाउँदै सुनाइँदै आएका कथामा त्यसको कारण के थियो । खोजिनुपर्थ्यो कृष्णभित्र । नारीका पक्षमा त्यो काल उदार भन्नु कि अनुदार । आमालाई त्यति विघ्न मान्ने समाजले छोरी, बहिनी र श्रीमतीप्रति अनुदार देखिनुले पाठक अलमलिनु स्वाभाविक हो । उसो त यो दोष महर्षिकै थाप्लामा बिसाइएको छ ।

**कृष्ण मान्छे थिए या ईश्वर ?**

उपन्यासको मूल कुरा हो यो । धेरै ठाउँमा बालककालदेखि नै अतिरिक्त क्षमताका देखाइनु नै ईश्वरीयताको स्थापन होइन र ? मनपरी तरिकाले खाँदा पनि दूध, दही, घ्युको पाचन शक्ति देखाइनु उमेर नमिल्दा व्यक्तिसँगको आक्रमणमा जोगिनु र उल्टै उनीहरूको ज्यान जानु जस्ता कुरामा तर्कको अभाव खड्किन्छ । साथीहरूमाझ गुरुहरूमाझ अनि वयोवृद्ध भीष्म र सँगी भनिएका अर्जुन समेतले धेरैपटक ईश्वरीय रूपको कुरा उठान गर्नुले सुनिआएकै मिथक वरिपरि कथा घुमाइएको भन्ने आलोचना गर्न जो कोही पाठक चुक्दैन ।

युद्ध र राजनीति, भागवत र महाभारतको मूल विषय नै हो । सत्ताका लागि भएका यावत् युद्ध आजका लागि पनि सान्दर्भिक त छन् । यस विषयमा पटक-पटक आएका कृष्णका अभिव्यक्तिले उनले भोलि देखेको भविष्यका बारे थाहा भएको छनक दिन्छन् । कतै साङ्केतिक कतै लाक्षणिक तर मानवजीवन जोगाउन भएका उनका प्रयास अपुग लाग्छन् । जुवा खेल्न नै किन रोक्न सक्दैनथे कृष्ण ? जुवा रमाइलाका लागि हो, मुद्राबाहेक थप जिन्सी राज्य र व्यक्ति समेत जुवामा राख्नु हुँदैन भनेर सम्झाउन किन ढिलो भएको ? सबै कुरा नियतिमा छोड्नु र कर्मयोगी कहलाउनुमा हिजो पनि प्रश्न उठेथ्यो देवता बनाएर देखाउन खोजिँदा र आज उनी देवता होइनन् विशेष क्षमताका मानिस नै थिए भनिरहँदा पनि प्रश्न उस्तै छन् । अन्तमा, उसो त मिथकीय साहित्यमा लेखकीय दृष्टिकोण छायामा हुन्छ । मूल कथा दिशान्तर गर्न सकिँदैन । त्यसैले यो मिथकमाथिकै प्रश्न हो । सकारात्मक कुराको अनुसरण र नकारात्मक कुराको त्याग नै सामाजिक उपलब्धि हो लेखनको । त्यस अर्थमा पुस्तकको रूपरेखा आकर्षक छ । हात्ती चढेर पसल पुग्नुपर्ने मोलका लागि लेखक दोषी हुनु हुन्न कि । सामाजिक परिवर्तनका सकारात्मक कुराको अवलम्बन देशप्रेम र जीवनप्रतिको सकारात्मक दृष्टिकोण असल र ग्राह्य पक्ष हुन् कृष्णका । पुस्तकले पाठक र पाठकले पुस्तकको गुण थाहा पाऊन् ।

***-साहित्यपोस्ट डटकम***

## बडादसैं २०८० को पावन अवसरमा

हार्दिक मंगलमय

# शुभकामना

विजया दशमी २०८० को पावन अवसरमा देश, विदेशमा रहनुभएका सम्पूर्ण नेपालीजनहरु, सेवाग्राही, कर्मचारीवर्ग, शुभेच्छुकहरुमा सुख, शान्ति समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## पाल्पा अस्पताल परिवार

तानसेन, पाल्पा

- स्वास्थ्य बिमा अन्तर्गतका सेवाहरु
- २४ सै घण्टा आकस्मिक सेवा
- अनुभवी डाक्टरबाट दन्त सेवा
- डिजिटल एक्सरे इसिजी सेवा
- नि:शुल्क बिमा स:शुल्क फार्मेसी सेवा
- चौबिसै घण्टा नि:शुल्क प्रसुति सेवा

---

**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

---

बडादसैं २०८० को पावन अवसरमा



हाम्रा आदरणीय बुबाआमा, दाजुभाई, दिदीबहिनी तथा कार्यसमितिका पदाधिकारी, विभिन्न उपसमितिका पदाधिकारी, सल्लाहकार, उद्योगी, व्यवसायी शुभचिन्तकहरुमा विजया दशमी एवं शुभ दीपावलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बालकृष्ण भण्डारी — सचिव

बामदेव बस्याल — अध्यक्ष

## पाल्पा व्यापार संघ परिवार

तानसेन, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी २०८० को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।

प्रेमराज खराल — प्रिन्सिपल

अशेष भट्टराई — प्रबन्ध निर्देशक

यम बहादुर विदी — अध्यक्ष

एवं

## माउण्ट म्याली ईङ्गलिश स्कूल परिवार

माथागढी-३, कसेनी, पाल्पा

---

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत, छठ तथा इद पर्व २०८० को अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कपिल बहादुर खाण ठकुरी — सचिव

झमन बहादुर राज मगर — सभापति

मधु पराजुली — सचिव

एवं

## नेपाली कांग्रेस

प्रतिनिधिसभा, क्षेत्र नं. १, पाल्पा परिवार

---

## हार्दिक मंगलमय शुभकामना



विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८० तथा नेपाल सम्वत ११४४ को अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उपभोक्ता, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अजय बहादुर श्रेष्ठ — सचिव

पर्शुराम पौड्याल — अध्यक्ष

## पाल्पा ग्याँस डिलर्स संघ परिवार

तानसेन, पाल्पा

- ग्याँस खरिद गर्दा सिल लागेको मात्र खरिद गरौं ।
- लिकेज सिलिण्डर, रेगुलेटर, पाइप प्रयोग नगरौं ।
- आयल निगमले तोकेको मूल्य मात्र तिरौं ।

---

## बडादसैं २०८० को पावन अवसरमा



विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण सेवाग्राही, पर्यटन व्यवसायी तथा सम्पूर्ण नेपालीजनहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजिव शाह — कार्यकारी सञ्चालक

## पाल्पाली टुर एण्ड ट्राभल्स परिवार

तानसेन-६, आन्दोलनचोक, पाल्पा

---

## बडादसैं २०८० को पावन अवसरमा

हार्दिक मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दीपावलीको अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मथुरा ढकाल — सचिव

राजेन्द्र वि.क. — संयोजक

## नेकपा माओवादी केन्द्र पाल्पा परिवार

---

## बडादसैं २०८० को पावन अवसरमा

हार्दिक मंगलमय शुभकामना

विजया दशमी तथा शुभ दीपावलीको अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रामजी पोखरेल — सचिव

धनेन्द्रराज घिमिरे — अध्यक्ष

## नेपाल कम्युनिष्ट पार्टी (एमाले) पाल्पा परिवार

---

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत, छठ तथा इद पर्व २०८० को अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण बहादुर आले — सचिव

मुक्तिराम जिसी — सभापति

टंक न्यौपाने — सचिव

एवं

## नेपाली कांग्रेस

प्रतिनिधिसभा, क्षेत्र नं. २, पाल्पा परिवार

---

## विजया दशमी २०८० को पावन अवसरमा



श्री गणेश बचत तथा ऋण सहकारी लि. का कार्यकारी समिति, उपसमिति, पदाधिकारी लगायत सम्पूर्ण शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरुलाई सुख समृद्धि एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गुनी रेश्मी — व्यवस्थापक

विष्णु माहा — अध्यक्ष

एवं

## श्री गणेश बचत तथा ऋण सहकारी संस्था लि.

तानसेन, पाल्पा